# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, कात्तिक १४ गते २०५८ साल (अतिरिक्ताङ्क ४२ (क)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

मतदाता परिचय पत्रसम्बन्धी नियमावली, २०५३ को नियम ७ को उप-नियम (५) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मतदाता परिचयपत्र वितरण भएका काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४,५,६ र ७, ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं. १, २ र ३, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४ र ५, बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, ईलाम जिल्ला निर्वाचन क्षेत्र नं. ३, झापा जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३, ४,५ र ६, धनकुटा जिल्ला निर्वाचन क्षेत्र नं. १, मोरङ्ग जिल्ला निर्वाचन क्षेत्र नं. १,२, ३,४,५,६ र ७, सप्तरी जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४ र ५, सिराहा जिल्ला निर्वाचन क्षेत्र नं १,२,३, ४ र ५, धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४ र ५, महोत्तरी जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३ र ४, सर्लाही जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४ र ५, बारा जिल्ला निर्वाचन क्षेत्र नं. १,२, ३ र ४, पर्सा जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३ र ४, चितवन जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३ र ४, संखुवासभा जिल्ला निर्वाचन क्षेत्र नं. १, दोलखा जिल्ला निर्वाचन क्षेत्र नं २, काभ्रेपलान्चोक जिल्ला निर्वाचन क्षेत्र नं. २ र ३, नुवाकोट जिल्ला निर्वाचन क्षेत्र नं. ३ गोरखा जिल्ला निर्वाचन क्षेत्र नं १, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं २, स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, कास्की जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, बागलुङ्ग जिल्ला निर्वाचन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्र नं. १, दैलेख जिल्ला निर्वाचन क्षेत्र नं. १, डडेलधुरा जिल्ला निर्वाचन क्षेत्र नं. १, उदयपुर जिल्ला निर्वाचन क्षेत्र नं. १, सिन्धुली जिल्ला निर्वाचन क्षेत्र नं. २, मकवानपुर जिल्ला निर्वाचन क्षेत्र नं. २, रौतहट जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३ र ४, पाल्पा जिल्ला निर्वाचन क्षेत्र नं. ३, नवलपरासी जिल्ला निर्वाचन क्षेत्र नं. ४, रुपन्देही जिल्ला निर्वाचन क्षेत्र नं. २ र ३, कपिलवस्तु जिल्ला निर्वाचन क्षेत्र नं. २, दाङ्ग जिल्ला निर्वाचन क्षेत्र नं. २ र ४, सुर्खेत जिल्ला निर्वाचन क्षेत्र नं २, बाँके जिल्ला निर्वाचन क्षेत्र नं. २, बर्दिया जिल्ला निर्वाचन क्षेत्र नं. २, डोटी जिल्ला निर्वाचन क्षेत्र नं. १, कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. १ र ४, तथा कञ्चनपुर जिल्ला निर्वाचन क्षेत्र नं. ३ समेत गरी उल्लिखित ४३ (त्रिचालीस) जिल्लाका १०५ (एकसय पाँच) निर्वाचन क्षेत्रहरूमा २०५८ सालमा अद्यावधिक गरिएको (२०५७ साल चैत्र मसान्तसम्म १८ वर्ष उमेर पुगेका) मतदाता नामावली अनुसारका थप मतदाताहरूलाई र मतदाता परिचयपत्र वितरण गर्न बाँकी रहेका मतदाताहरूलाई समेत २०५८ साल कार्तिक १५ गते देखि २०५८ साल फागुन मसान्तसम्म मतदाता परिचयपत्र दिने अवधि तोकेको छ।

## सूचना २

मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम १२ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी सूचना १ मा उल्लिखित जिल्लाका उल्लिखत निर्वाचन क्षेत्रहरूमा वितरण गरिएको मतदाता परिचयपत्र हराएका, चोरी वा नष्ट भएका र विवरणमा थप घट गरी मतदाता परिचयपत्रको प्रतिलिपि वितरण गर्नको लागि २०५८ साल कार्तिक १५ गते देखि २०५८ साल फागुन मसान्तसम्मको अवधि तोकेको छ।

## सूचना ३

मतदाता परिचयपत्रसम्बन्धी नियमावली, २०५३ को नियम १८ ले दिएको अधिकार प्रयोग गरी सूचना १ मा उल्लिखित जिल्लाका उल्लिखित निर्वाचन क्षेत्रहरूमा वितरण गरिएका मतदाता परिचयपत्र हराएका, चोरी वा नष्ट भएका मतदाताहरूको लागि मतदाता परिचयपत्रको प्रतिलिपि लिने प्रयोजनका लागि रु. १०।– (दश) परिचयपत्र दस्तुर तोकेको छ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।